**मिति २०८३ बैशाख ११ गते गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु:**

निर्णय नं. १, मिति२०८२।१२।३० गते कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो ।

निर्णय नं. २, यस चौकुने गाउँपालिका वडा न ६ को दोभान खेलकुद तथा सास्कृतिक मेला २०८३ कार्यक्रमको लागि अपुग रकम रु.८००००।— (अक्षरुपी असि हजार मात्र) भुत्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३, भू-उपयोग परिषदबाट स्वीकृत भएको प्रतिवेदन भू-उपयोग वर्गिकरण, जोन नक्शा र कित्तागत विवरण सहितको अन्तिम प्रतिवेदन प्राप्त भएकोमा प्रतिवेदन स्विकृत गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४. नेपाल पर्यटन मन्त्रालय, पर्यटन बोर्ड नेपाल, बोगटान फुड्सिल गाउँपालिका डोटी द्धारा आयोजित Seti Karnali International Maheser Angling challenge कार्यक्रममा सह-आयोजक हुने सो वापतको साझैदारी रकम रु. १००००० (एक लाख मात्र) सम्बन्धीत ब्यक्ति, फर्म, कम्पनी र निकायलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६६ र स्थानीय तहको योजना तर्जुमा दिगदर्शन अनुसार स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक बाट तोकीए बमोजिमको बजेट सिलिङ्ग स्वीकृत गरी सम्बन्धीत शाखा र वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय न ६, चौकुने गाउँपालिकाको आ व २०८२।०८३ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत जनता संग अध्यक्ष कार्यक्रम (फुसको छाना विस्थापन कार्यविधि बमोजिम हुने ) कार्यक्रम सुरक्षित नागरिक आवास कार्यक्रम (फूसको छाना मुक्त) कार्यान्वयन कार्यविधि-२०८२ बमोजिम वडागत रुपमा लाभग्राही छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७, चौकुने गाउँपालिका, च्यारिटी हेल्थ फाउण्डेशन र नेपाल रेडक्रस सोसाईटी बिच चौकुने गाउँपालिका वडा न ४ बिजौरा स्थित आँखा उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने सम्बन्धि भएको समझदारी पत्र (MOU) बमोजिम नेत्र सहायक (सहायक स्तर पाचौं) को बिज्ञापन गरी नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ८, नेपाल टेलिकम कार्यालय सुर्खेत र चौकुने गाउँपालिका वडा ३ कार्यालय बिच वडा नं. ३ धौलिकाँडामा नेपाल टेलीकमको टावर राख्ने सम्झौता भएकोमा नेपाल टेलीकम कार्यालयबाट प्राप्त

भएको रकम रु. ३५,६४०।– (अक्षरेपी रु पैतिसहजार छ सय चालिस) भुक्तानी सम्बन्धीत ब्यक्तिलाई (नैनसिह दमाई) दिने निर्णय गरियो ।

**निर्णय नं. ९,** कर्णाली उत्सव (कुणा कर्णालीका) आयोजक ऋति फाउण्डेसन वीरेन्द्रनगर सुर्खेत द्धारा कर्णाली उत्सव सातौ संस्करण २०८२ प्रस्ताव माथी छलफल गरी रु. ५०,०००।–( अक्षरेपी रु. पचास हजार मात्र ) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०,** चौकुने गा पा वडा न ९ स्थित सुर्यतारा सिमेन्ट प्रालीका लागि बिश्वनाथ क्रसर उद्योग प्रालीले चौकुने वडा न ९ कर्णाली छाल झ्यानझ्यानेबाट १५ सय घन मिटर नदिजन्य पदार्थ (ढुङ्ग/बालुवा/रोडा) माग गरेको र ओइस्नाप/रमेश कन्स्ट्रक्सन जेभीले चौकुने वडा न ४ झाला कर्णाली छालबाट ३५० घनमिटर बालुवा माग भई आएकोमा प्राविधिक शाखाको सिफारिस बमोजिम तोकिएको राजश्व लिई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११,** श्री ब्राइट स्टार एकेडेमी चौकुने १० ले कक्षा ४ सञ्चालनको लागि पेश गरेको निबेदन अनुसार चौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ को दफा ३ को उपदफा ३ अनुसार शैक्षिक सत्र २०८३ मा कक्षा ४ सञ्चालन गर्नका लागि अनुमति दिने ।

**निर्णय नं. १२,** संघीय हस्तान्तरित सर्सत कार्यक्रम कार्यान्वय कार्यविधि २०८२।०८३ को २.३.९ क्रियाकलाप नम्बर २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान तपसिलका विद्यालयलाई अनुदान प्रदान गर्ने निर्णय गरियो ।

१ श्री जीवन ज्योति मा वि झकमके ६ ।

२ श्री जनजागृत मा वि तोस्रा ५ ।

**निर्णय नं. १३,** चौकुने गाउँपालिका वडा नं. १, ५ र ७ मा बहुउदेश्यिय साझा हल निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४,** चौकुने गाउँपालिका र Sahara Trade Center बिच कृषि यान्त्रिकीकरण सम्बन्धी मिनि टेलर खरिद सम्झौताको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा भएको व्यवस्था बमोजिम पहिलो पटकलाई २०८३।०२।१५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. १५, प्रस्ताव नं. १५ माथि छलफल गर्दा स्वयमसेवक शिक्षक र गाउँपालिका बालविकास दरबन्दी, बालविकास शिक्षक दरबन्दी मिलान, प्राथमिक तह शिक्षक दरबन्दी मिलान, निम्न माध्यमिक

CamScanner

तह शिक्षक दरबन्दी मिलान, माध्यमिक तह शिक्षक दरबन्दी मिलान सम्बन्धमा आगामी आर्थिक वर्ष २०८३।०८४ मा गाउँपालिका स्वयमसेवक शिक्षक दरबन्दी खारेज गरी साविक निम्न माध्यमिक तहमा विद्यालय समयोजन कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, चौकुने गाउँपालिकाको सार्वजिनका विद्यालयहरु समायोजन कार्यक्रम कार्यान्वन कार्यविधि २०८० अनुसार निम्न माध्यमिक तह हुनुपर्ने न्युमतम विद्यार्थीहरु भएका विद्यालयहरु विषयगत दरबन्दी कायम गर्ने ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ज को बुदा नं ११,शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा भएको विद्यार्थी संख्या,शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ३ अनुसार शिक्षक दरबन्दी मिलान गरी पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६, प्रस्ताव नं. १६  माथि छलफल गर्दा आर्थिक सहायताको लागि बिभिन्न मितिमा प्राप्त भएका निवेदन उपर छलफल गर्दा गाउँपालिका अध्यक्षको तोक आदेश र आर्थिक सहायता सम्बन्धी कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७, चौकुने गाउँपालिका वडा नं. १० घाटगाउँ स्थित सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८, चौकुने गाउँपालिका वडा नं. ९ आधारभुत स्वास्थ्य सेवा केन्द्र राग मातहत कार्यरत महिला स्वास्थ्य स्वयम सेविका तुलसी सिजापतीको असामयिक निधन प्रति शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

खड्क वि.क. (विवस)
अध्यक्ष

चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय गुटु, सुर्खेत ।

CamScanner